आज मिति २०८१ साल असोज १ गतेका दिन गाउँपालिकाका अध्यक्ष श्री अशोक कुमार कार्की ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३ | वडाध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४ | वडाध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकि | |
| ५ | वडाध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६ | वडाध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७ | वडाध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ८ | वडाध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९ | वडाध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ | |
| १० | वडाध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११ | वडाध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६ | कार्यपालिका सदस्य | श्री अम्बिका विश्वकर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८ | सदस्य सचिव | श्री अर्जुन कुमार राउत | |

सहायक कर्मचारीहरुः

श्री रसना मगर

**प्रस्तावित विषयहरु:**

१. समीक्षा सम्बन्धमा।

२. वडा कार्यालय सञ्चालन, मसलन्द तथा कार्यालय सामग्री सम्बन्धमा।

३. ठेक्का कार्यान्वयन सम्बन्धमा।

४. अनिवार्य दायित्व भुक्तानी सम्बन्धमा।

५. कार्यविधि संशोधन तथा पारित सम्बन्धमा।

६. विविध समसामयिक विषयहरु सम्बन्धमा।

**निर्णयहरुः-**

**१. निर्णय नं. १, प्रस्ताव नं. १ उपरको निर्णयः**

प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भई रहेको अवस्थामा अझ यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बिचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**२. निर्णय नं. २, प्रस्ताव नं. २ उपरको निर्णयः**

प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा आर्थिक वर्ष ०८१/०८२ को स्वीकृत वडा कार्यालय सञ्चालन तथा कार्यालय सामग्री खर्च (वडा नं. १ देखि ९) शीर्षकमा प्रत्येक वडाको लागि विनियोजित रु. ५,००,०००।०० को कार्यान्वयनको लागि वडा कार्यालयबाट प्रचलित कानूनको अधीनमा रही प्रमुख प्रशासकीय अधिकृतसमक्ष खरिद आदेश स्वीकृत गराई देहायअनुसारको खर्च शीर्षक तथा बजेटको सीमामा रही कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

| क्र.स. | विवरण | रकम |
|---|---|---|
| १ | वडा समिति बैठक खाजा खर्च | २८८००.०० |
| २ | सवारी साधन ईन्धन खर्च | १०००००.०० |
| ३ | सवारी साधन मर्मत खर्च | ४००००.०० |
| ४ | भ्रमण खर्च | ९००००.०० |
| ५ | मसलन्द तथा कार्यालय सामाग्री खर्च | १०००००.०० |
| ६ | सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च | ४००००.०० |
| ७ | खेलकुद कार्यक्रम | ५००००.०० |
| ८ | वडा सचिव सञ्चार खर्च | १२०००.०० |
| ९ | विविध खर्च | ३९२००.०० |
| | **जम्मा** | ५०००००.०० |

**३. निर्णय नं. ३, प्रस्ताव नं. ३ उपरको निर्णयः**

प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा आर्थिक वर्ष ०८१/८२ मा विनियोजित बजेट तथा कार्यक्रममध्ये देहायका आयोजनाहरु देहायअनुसार ठेक्कामार्फत कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

क) संघीय शसर्त अनुदानमार्फत वडा नं. ६ स्थित ग्रामोदय युगकवि सिद्धिचरण माध्यमिक नमुना विद्यालयको क्रमागत भवन निर्माण आयोजनाको लागि विनियोजित बजेट रु. १,००,००,०००।०० कार्यान्वयनको लागि ३०% भन्दा बढी लागत अनुमान नबढ्ने गरी लागत अनुमान तयार गरी ठेक्का प्रकृया मार्फत सो आयोजनाको कार्यान्वयन गर्ने ।

ख) प्रदेश समपुरक अनुदानमार्फत राङ्चा बाघखोर डाँडा सडक निर्माण आयोजना (वडा नं. १) मा बजेट ९२,४०,०००।०० र कुटिडाँडा भञ्ज्याङ्ग माहुर डाँडा सडक निर्माण आयोजनाको (प्रदेश समपुरक तथा गा.पा. साझेदारी) रकम रु. ६१,६०,०००।०० बजेट विनियोजन भएकोमा सो आयोजनाको साईड स्ट्रक्चर तथा ड्रेनेजको कार्य गर्ने गरी कुल स्वीकृत बजेटमा ३०% भन्दा बढी लागत अनुमान नबढ्ने गरी लागत अनुमान तयार गरी ठेक्का प्रकृयामार्फत सो आयोजनाको कार्यान्वयन गर्ने ।

ग) संघीय बिषेश अनुदानमार्फत दोबाटे मुहान हुँदै वृहत खानेपानी आयोजना, लिखु १ र २ मा रु. १०,५०,००००।०० विनियोजन भएकोमा सो आयोजनामा खानेपानी आपुर्तिलाई व्यवस्थापन गर्ने कार्य गर्ने गरी कुल स्वीकृत बजेटमा २०% भन्दा बढी लागत अनुमान नबढ्ने गरी लागत अनुमान तयार गरी ठेक्का प्रकृयामार्फत सो आयोजनाको कार्यान्वयन गर्ने ।

घ) गा.पा. पुर्वाधार विकासअन्तर्गत विचारी आहाल गाउँपालिका केन्द्र सडक आयोजना (क्रमागत) रकम रु १,००,००,०००।००/- बजेट विनियोजित भएकोमा सो आयोजनाको साईड स्ट्रक्चर तथा ड्रेनेजको कार्य गर्ने गरी कुल स्वीकृत बजेटमा ३०% भन्दा बढी लागत अनुमान नबढ्ने गरी लागत अनुमान तयार गरी ठेक्का प्रकृयामार्फत सो आयोजनाको कार्यान्वयन गर्ने ।

ङ) माथि उल्लेखित विवरण अनुसार ठेक्का कार्यान्वयन गर्दा थप आर्थिक दायित्व सिर्जित भएमा गाउँ कार्यपालिकाले थप आर्थिक स्रोत व्यवस्थापन गर्ने।

**४. निर्णय नं. ४, प्रस्ताव नं. ४ उपरको निर्णयः**

प्रस्ताव नं ४ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको मिति २०८१/०४/२९ गतेको गाउँ कार्यपालिकाको निर्णय उपर पुनरावलोकन गर्दा हाल उपयुक्त नदेखिएकोले आ.व. २०८०/०८१ को अ.ल्या. रकम देहायबमोजिम कार्यान्वयन गरी आगामी गाउँसभामा अनुमोदनको लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

| क्र.स. | शीर्षक | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | जन्म | ३००००० | |
| २ | मृत्यु संस्कार | ६३१६४५ | |

| | | | |
|---|---|---|---|
| ३ | योजनाहरु | २४५७४८७ | |
| जम्मा | | ३३८९१३२ | |

**५. निर्णय नं. ५, प्रस्ताव नं. ५ उपरको निर्णयः**

प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको विधेयक समितिबाट पेश भएको देहाय बमोजिमको कार्यविधि तथा संशोधित कार्यविधि स्वीकृत गरी सर्वसम्मतबाट पारित गर्ने निर्णय गरियो । कार्यविधि यसैसाथ संलग्न छ ।

क) लिखु गाउँपालिकाको विद्युतीय हाजिरी प्रणाली सञ्चालन कार्यविधि२०८१ ,

ख) उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७५ (संशोधित)

**६. निर्णय नं. ६, प्रस्ताव नं. ६ उपरको निर्णयः**

प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा कार्यपालिकाको आगामी बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मतबाट निर्णय गरियो ।